ओसाका प्रान्तिय शिक्षा परिषद् अन्तर्गत
जापान फर्किएका विद्यार्थीहरु तथा विदेशी विद्यार्थीहरुको लागि शैक्षिक सहयोग कार्यक्रम
शैक्षिक सत्र २०२५ (रेइवा ७ साल)

# तपाईंको भविष्य तथा लक्ष्य छनौटको लागि

ओसाका प्रान्तिय शिक्षा परिषद्

＜ネパール語＞

# विषयसूची


■ भूमिका ……………………………………………………………………………………………पृष्ठ १

■ जापानको शिक्षा प्रणाली ……………………………………………………………………………पृष्ठ २

■ उच्च माध्यमिक विद्यालय (हाइस्कुल/कोउकोउ) का प्रकारहरु …………………………………… पृष्ठ ३

■ उच्च माध्यमिक विद्यालयको नमूना १ दिन ……………………………………………………पृष्ठ ७

■ उच्च माध्यमिक विद्यालयको नमूना १ वर्ष ……………………………………………………पृष्ठ ८

■ अध्ययन शुल्क ………………………………………………………………………………………पृष्ठ ९

■ प्रवेश परिक्षा ………………………………………………………………………………………पृष्ठ १०

■ सार्वजनिक उच्च माध्यमिक विद्यालय

प्रवेश परिक्षाका विषयहरु ……………………………………………………………………………पृष्ठ १२

उत्तीर्ण विद्यार्थीहरुको निर्धारण ……………………………………………………………………पृष्ठ १४

विदेशबाट जापान फर्किएका विदेशी विद्यार्थीहरुको छनौट …………………………………………पृष्ठ १५

जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु तथा जापान आएका विदेशी विद्यार्थीहरुको छनौट ……………………………………………………………………………पृष्ठ १६

जापानी भाषाको सहयोग आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु लयायतका विद्यार्थीहरुको लागि प्रवेश परीक्षामा दिइएको सुविधा ………………………………………………………पृष्ठ १७

प्रवेश परिक्षाको समय तालिका ……………………………………………………………………पृष्ठ १९

■ अध्ययन गर्नको लागि आर्थिक रुपमा सहयोग गर्ने प्रणाली

उच्च माध्यमिक विद्यालय भर्ना गर्नको लागि लाग्ने रकम अस्थाई रुपमा सापट दिने प्रणाली …………पृष्ठ २१

छात्रवृति प्रणाली ……………………………………………………………………………………पृष्ठ २२

■ उच्च माध्यमिक विद्यालय नजाने विद्यार्थीहरुको लागि अर्को वैकल्पिक पाठ्यक्रम …………………पृष्ठ २४

■ परामर्श प्रदान गर्ने संघ संस्थाहरुको सुची ……………………………………………………पृष्ठ २५


# भूमिका

यो पुस्तिका उच्च माध्यमिक विद्यालय (हाइ स्कुल) जान चाहने विद्यार्थीहरुको लागि तयार पारिएको हो । यो पुस्तिकामा हाइ स्कुल जानको लागि अत्यावश्यक आधारभूत जानकारीहरु समावेश गरिएको छ । पाठ्यक्रम छनौटको क्रममा भएका दु:ख  र समस्याहरु समाधानको लागि ओसाकामा तपाईंहरुको पाठ्यक्रम चयन गर्नको लागि सहयोग गर्ने संघ संस्थाहरु रहेका छन् । त्यसकारण आफ्नो पाठ्यक्रम चयन गर्दा केहि समस्या भएमा एक्लै चिन्ता नलिई, आफ्नो कक्षा शिक्षक या यो पुस्तिकामा उल्लेख गरिएका परामर्श दिईने संघ संस्थाहरुमा गएर  प्रत्यक्ष सल्लाह गर्न सक्नुहुन्छ ।

※यो पुस्तिका,ओसाका प्रान्तिय शिक्षा परिषद् गाउँ-नगर शिक्षा कार्यालय प्राथमिक तथा माध्यमिक विद्यालय विभाग को वेब पेजमा छ ।
जापानी भाषा, चिनियाँ भाषा, कोरियन भाषा/उत्तर कोरियन भाषा, भियतनामी भाषा, फिलिपिनो भाषा, पोर्तुगली भाषा, स्पेनी भाषा, थाई भाषा, अंग्रेजी भाषा, रसियाली भाषा, ईन्डोनेशीयाली भाषा, नेपाली भाषा, उर्दु भाषा, अरबी भाषा, मलाय भाषा, युक्रेनी भाषा र सिंहली भाषा मा लेखिएको छ ।

（https://www.pref.osaka.lg.jp/o180080/shochugakko/kikokutoniti-sapo/shinro-senntaku.html）

■ यो पुस्तिकामा ३ वटा महत्वपुर्ण बुँदाहरू उल्लेख गरिएको छ ।


प्रत्येक विषयलाई सरल रूपमा व्याख्या गरिएको छ ।

प्रत्येक विषयलाई विस्तृत रूपमा व्याख्या गरिएको छ ।


प्रत्येक पेजको सम्भावित प्रश्नहरु र सम्बन्धित पेज देखाईएको छ ।

# जापानको शिक्षा प्रणाली

जापानमा प्राथमिक र माध्यमिक शिक्षा अनिवार्य शिक्षा हो । अभिभावकले आफना बालबच्चालाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्दछ । अनिवार्य शिक्षा पुरा भएपछि मात्र विभिन्न विषयहरु अध्ययन गर्न सकिन्छ ।

<table>
<tr><td>उमेर<br>७ वर्ष<br>१२ वर्ष</td><td rowspan="2">अनिवार्य शिक्षा</td><td colspan="5">प्राथमिक विद्यालय<br>६ वर्ष</td></tr>
<tr><td>१३ वर्ष<br>१५ वर्ष</td><td colspan="5">माध्यमिक विद्यालय<br>३ वर्ष</td></tr>
<tr><td>१६ वर्ष<br>१८ वर्ष</td><td colspan="3">उच्च माध्यमिक विद्यालय<br>३ वर्ष</td><td>विषेश तालिम विद्यालय<br>१ वर्ष भन्दा बढी</td><td rowspan="2">प्राविधिक कलेज<br>५ वर्ष</td><td>उच्च व्यावसायिक प्राविधिक कलेज<br>१ वर्ष अथवा २ वर्ष</td></tr>
<tr><td>१९ वर्ष<br>२२ वर्ष</td><td>विश्वविद्यालय<br>४-६ वर्ष</td><td>जुनियर कलेज<br>२ वर्ष</td><td>व्यावसायिक कलेज<br>१ वर्ष भन्दा बढी</td><td></td><td></td></tr>
<tr><td>२३ वर्ष<br>२४ वर्ष</td><td>स्नातकोत्तर<br>२-५ वर्ष</td><td colspan="5"></td></tr>
</table>

के सबै सार्वजनिक उच्च माध्यमिक विद्यालयहरु ३ वर्षमा उत्तीर्ण गर्न सकिन्छ ?

⇒ पूर्णकालीन पाठ्यक्रम प्रणाली ३ वर्षको हुन्छ। यस बाहेक अन्य जानकारीको लागि कृपया पेज ५-६ मा हेर्नु होला

# उच्च माध्यमिक विद्यालयका प्रकारहरु

जापानमा सार्वजनिक उच्च माध्यमिक विद्यालय (कोउरिचु-कोउकोउ/पब्लिक हाइस्कुल), राष्ट्रीय उच्च माध्यमिक विद्यालय (कोकुरिचु-कोउकोउ/सरकारी हाइस्कुल) र निजि उच्च माध्यमिक विद्यालय (सिरिचु-कोउकोउ/प्राइवेट हाइस्कुल) हरु छन्।

■सार्वजनिक उच्च माध्यमिक विद्यालय (पब्लिक हाइस्कुल), राष्ट्रीय उच्च माध्यमिक विद्यालय (सरकारी हाइस्कुल)

यी विद्यालयहरु फु (प्रान्त), सि (नगरपालिका), कुनी (राष्ट्र) द्वारा बनाइएका हुन् ।

यी सबै विद्यालयहरु महिला पुरुष सह-शैक्षिक (कोएजुकेसन सिस्टम ) प्रणालीका हुन्छन ।

■निजि उच्च माध्यमिक विद्यालय (प्राइवेट हाइस्कुल)

यी विद्यालयहरु व्यक्ति तथा कम्पनीहरुले बनाएका हुन् । धेरैजसो यी निजि उच्च माध्यमिक विद्यालय (प्राइवेट हाइस्कुल ) हरुमा सार्वजनिक उच्च माध्यमिक विद्यालय (पब्लिक हाइस्कुल), र राष्ट्रीय उच्च माध्यमिक विद्यालय (सरकारी हाइस्कुल) को भन्दा स्कुलको पढाईमा लाग्ने खर्च महँगो हुन्छ ।

यी विद्यालयहरु सह-शैक्षिक (कोएजुकेसन सिस्टम ) प्रणाली मात्र नभएर महिला मात्रको तथा पुरुष मात्रको विद्यालयहरु पनि हुन्छन ।

※ पारिवारिक आय (पारिवारिक कमाइ) को आधारमा अध्ययन शुल्कमा सहयोग गर्ने प्रणाली लागु गरिएको हुन्छ ।
⇒ कृपया ९ पेजमा हेर्नु होला ।

के सार्वजनिक उच्च माध्यमिक विद्यालय (पब्लिक हाइस्कुल) र निजि उच्च माध्यमिक विद्यालय ( प्राइवेट हाइस्कुल ) को प्रवेश परिक्षा उस्तै हो ?
⇒सार्वजनिक उच्च माध्यमिक विद्यालय (पब्लिक हाइस्कुल) र निजि उच्च माध्यमिक विद्यालय (प्राइवेट हाइस्कुल) को प्रवेश परिक्षाको तरिका फरक-फरक छ ।

■सार्वजनिक उच्च माध्यमिक विद्यालय (पब्लिक हाइस्कुल) को प्रवेश परिक्षाका विषयहरु
⇒कृपया पेज १२ बाट पेज१३ मा हेर्नुहोला ।

■निजि उच्च माध्यमिक विद्यालय (प्राइवेट हाइस्कुल) को प्रवेश परिक्षाको बारेमा जानकारी ।
विद्यालयको प्रवेश परिक्षाको तालिका, पाठयसामग्री (विषय) हरुको आधारमा उत्तीर्ण अनुत्तीर्णको निर्णय गर्ने तरिका विद्यालय अनुसार फरक-फरक हुन्छ । यसको बारेमा थप जानकारीको लागि आ-आफ्नो माध्यमिक विद्यालयको पाठ्यक्रम निर्देशक शिक्षकलाइ सोध्नु होला ।

जापानमा ४ प्रकारका उच्च माध्यमिक विद्यालयहरु हुन्छन । विद्यालय अनुसार पढने समय, उत्तीर्ण गर्न लाग्ने समयावधी, पढाईको प्रकार फरक-फरक हुन सक्छन ।

**< पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम उच्च माध्यमिक विद्यालय>**

■ पढाई हुने समय तालिका

बिहान देखि साँझ सम्म (लगभग बिहान ८:३० बजे बाट साँझ ५:०० बजे )

■ उतीर्ण हुन लाग्ने अवधि

३ वर्ष

■ पढाई प्रकार

दिउँसोको समयमा पढाई हुने उच्च माध्यमिक विद्यालय (हाइ स्कुल) मध्ये धेरै जस्तो विद्यालयमा आफ्नो ग्रेड अनुसार मात्र पढ्न पाइन्छ र सोहि अनुसार क्रेडिट संख्या कमाएर मात्र अर्को वर्षमा क्लास चढ्न सकिन्छ । क्रेडिट संख्या (युनिट) प्रणाली भएका विद्यालयहरुमा आफैले विषयहरु छानेर पढ्न सकिन्छ ।

■ पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम भएका उच्च माध्यमिक विद्यालयहरुको उदाहरण

[सामान्य पाठ्यक्रमहरु भएको उच्च माध्यमिक विद्यालय]

यहाँ जापानी भाषा तथा गणित आदि सामान्य विषयहरुको पढाई हुन्छ ।

[व्यावसायिक पाठ्यक्रमहरु भएको उच्च माध्यमिक विद्यालय]

यस्ता विद्यालयमा व्यापार, कृषि, अन्तर्राष्ट्रिय संस्कृति जस्ता विशेष क्षेत्रमा आधारभूत ज्ञानहरु हाशिल गरि कुसल योग्यता प्राप्त गर्ने क्षमताको विकास गराइन्छ ।

[एकीकृत पाठ्यक्रमहरु भएको उच्च माध्यमिक विद्यालय]

यहाँ सामान्य विषयहरु बाहेक अन्य विभिन्न छनौट गर्न सकिने विषयहरु पनि हुन्छन । आफ्नो इच्छा अनुसारको विषय छानेर पढ्न सकिन्छ ।

[सशक्तिकरण स्कुल]

आफनो क्षमता अनुसार आधारभुत तथा सामान्य विषयहरु अध्ययन गर्ने र सहि उत्तर एउटा भन्दा बढि हुने प्रश्नहरुको अभ्यास गरिने कक्षा संचालन गरिन्छ ।

[स्टेप स्कूल]

प्रति कक्षा लगभग तीस विद्यार्थीहरूको विस्तृत समर्थन प्रणाली अन्तर्गत, सामान्य विषयहरू बाहेक, आफ्नो स्थानीय क्षेत्रका विशेषताहरूको उत्कृष्ट रुपमा प्रयोग गर्दै ह्यान्ड्स-अन सिकाइ अनुभवहरू सञ्चालन गरिन्छ।

< बहु भाग प्रणालीको (मल्टी पार्ट सीस्टम), क्रेडिट प्रणाली भएको उच्च माध्यमिक विद्यालय (क्रीएटिव हाइ स्कुल)>

■पढाई हुने समय तालिका

पहिलो भाग = बिहान (बिहान लगभग ८:३० - १२:०० बजे सम्म )

दोस्रो भाग = दिउसो (दिउँसो लगभग १:०० - ५:०० बजे सम्म )

■ उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

पहिलो र दोस्रो भाग ,दोस्रो र तेस्रो भाग को कक्षा एकैसाथ लिएको खण्डमा = ३ वर्ष भन्दा बढी

पहिलो , दोस्रो भाग र तेस्रो भागको कक्षा अलग अलग लिएको खण्डमा = ४ वर्ष भन्दा बढी

■पढाईको प्रकार

तपाईं आफ्नो जीवन शैली र आफ्नो समय तालिका अनुसार सिक्ने समय (पहिलो भाग र दोस्रो भाग) र विषयहरु छनौट गर्न सक्नुहुन्छ । ६ महिना वा १ वर्षको एक सेमेस्टर हुन्छ ।

<दिन र रात मा संचालन हुने इकाई प्रणाली हाइ स्कुल >

■पढाई हुने समय तालिका

विद्यार्थीहरूले १ पिरिएड देखि १०पिरिएड बीचको इच्छित अवधि छनोट गर्न सक्छन (बिहान १०: ५० देखि बेलुका९: ०५ सम्म) ।

उदाहरणका लागि,

दिनको समयमा लगभग १०: ५० बजे देखि ४: ३० बजे सम्ममा केन्द्रित

साँझको समयमा लगभग ५: ३५ देखि ९: ०५ बजे सम्ममा केन्द्रित

■उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

दिनको समयमा केन्द्रित कक्षाहरू तीन वर्ष, साँझको समयमा केन्द्रित कक्षाहरू चार वर्ष

तीन वर्ष, यदि दिनको पाठ्यक्रमहरु संगै लिईएको अवस्थामा = ३ वर्ष

■ पढाईको प्रकार

विद्यार्थीहरूले आफ्नो जीवन शैली र सिक्ने गतिसँग मेल खाने कक्षा घण्टाका छनोट गर्नुहोस्।

प्रथम वर्षका विद्यार्थीका लागि कक्षा तालिका तय गरिएको छ र उनीहरूले स्नातकको लागि मुख्यतया अनिवार्य विषयहरू अध्ययन गर्छन्।

दोस्रो वर्षका विद्यार्थीले आफ्नो भविष्यका लागि रुचि र योजनाका आधारमा आफ्नो विषय छनोट गर्न सक्छन् ।

< रात्रीकालीन निश्चित समय (फिक्स टाइम) प्रणाली अनुसारको हाइ स्कुल >

■ पढाई हुने समय तालिका

अधिकांश विद्यालयहरू साँझ ६ बजेदेखि राति ९ बजेसम्म खुला हुन्छन्।

■ उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

४ वर्ष

संचार प्रणालीसँगै लिएको अवस्थामा = ३ वर्षभन्दा बढी

■ पढाईको प्रकार

रातको समयमा अध्ययन गर्छन्। प्रत्येक कक्षाको लागि क्रेडिट प्राप्त गर्न सकिन्छ।

< संचार माध्यमको उच्च माध्यमिक विद्यालय >

■ पढाई हुने समय तालिका

हप्तामा २ ~३ पटक स्कुल जानु पर्छ र कक्षा लिनुपर्छ । स्कुल जाने समय र बार अनि संख्याहरु भने स्कुल अनुसार फरक-फरक हुन्छ ।

■ उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

३ वर्ष भन्दा बढी

■ पढाईको प्रकार

विद्यालय नजाने दिनमा घर या पुस्तकालय लगायतका स्थानमा नोटबुकहरु मार्फत अध्ययन गरी रिपोर्ट बनाएर जाँच गर्नको लागि पेश गर्नु पर्दछ ।

क्रेडिट (युनिट/तानइ) भनेको केहो ?

⇒उच्च माध्यमिक विद्यालयमा सिक्ने विषयको मात्रा मापन गर्ने तरिकालाई क्रेडिट (युनिट) भनिन्छ । यदि तपाईंले दिएको विषयमा सफलता प्राप्त गर्नु भएमा उक्त विषयमा तपाईंलाई निश्चित क्रेडिट दिइने छ।

५० मिनेटको कक्षालाई १ क्रेडिट घण्टा (युनिट) को हिसाब मानिन्छ । ३५ क्रेडिट घण्टा (युनिट ) को कक्षा बराबर १ क्रेडिट (युनिट ) मानिन्छ । (५० मिनेट ×३५ क्रेडिट घण्टा (युनिट) = १७५० मिनेट )। प्रत्येक विषयमा आवश्यक क्रेडिट (युनिट) लिएमा तपाईं उतीर्ण हुन सक्नु हुन्छ ।

# उच्च माध्यमिक विद्यालयको नमूना १ दिन

उच्च माध्यमिक विद्यालयको पूर्णकालीन कक्षामा अध्ययन गर्ने विद्यार्थीको एक दिनको उदाहरण तल उल्लेख गरिएको छ ।

■ बिहान

बिहान ८:३० बजे तिर सुरु हुन्छ । बिहानको समयमा लगभग ४ पिरीएड कक्षा संचालन हुन्छ र हरेक विषय अनुसार शिक्षकहरु फरक-फरक हुन्छन ।

■ स्कुल लन्च

यहाँ स्कुल लन्चको व्यवस्था हुँदैन । स्कुल जाँदा आफैले टिफिन लिएर जाने या स्कुलको क्यान्टिनमा आफैले पैसा तिरेर किनेर खान सकिन्छ ।

■ दिउँसो

दिउसो २-३ पिरीएड पढाई हुन्छ ।

■ कक्षा सकिए पछि

कक्षा सकिए पछि क्लबका गतिविधिहरु संचालन हुन्छन । क्लबका गतिविधिहरु मध्ये, आफ्नो दक्षता भएको खेलकुद या सांस्कृतिक गतिविधिहरु छानेर त्यसमा संलग्न भएर आफ्नो दक्षताहरु देखाउन सक्नुहुन्छ । यस्ता गतिविधिमा सामेल हुने नहुने बारे आफैले निर्णय लिन सकिन्छ ।

उच्च माध्यमिक विद्यालय जाँदा कस्तो कपडा लगाउनु पर्छ?

⇒ विद्यालयले तोकेको कपडा (ड्रेस) लाई युनिफर्म भनिन्छ । विद्यालयको युनिफर्म जाडोमा र गर्मीमा लगाउने अलग-अलग हुन्छन र सोहि विद्यालयले तोकेको युनिफर्म लगाएर विद्यालय जानु पर्छ । तर कुनै कुनै विद्यालयमा भने विद्यालयले तोकेको कपडा नहुन पनि सक्छ ।

# उच्च माध्यमिक विद्यालयको नमूना १ वर्ष

पूर्णकालीन कक्षामा अध्ययन गर्ने विद्यार्थीको एक वर्षको उदाहरण तल उल्लेख गरिएको छ । यहाँ ३ सेमेस्टर भएको विद्यालयको उदाहारण उल्लेख गरिएको छ । २ सेमेस्टर मात्र भएका विद्यालयहरु पनि हुन्छन । (दोस्रो सेमेस्टरको सुरुवात हुने समय तालिका भने विद्यालय अनुसार फरक-फरक हुन्छ । )
जापानको विद्यालय हरेक वर्षको अप्रिल महिनामा सुरु भै अर्को वर्षको मार्च महिनामा सकिन्छ ।

■ पहिलो सेमेष्टर (लगभग अप्रिलबाट जुलाईसम्म)

प्रवेश समारोह, कक्षा प्रारम्भ समारोह, स्वास्थ्य परिक्षण, शरीर मापन
स्कुल बाहिरको अध्ययन, आवधिक परीक्षा/(सेमेस्टर एक्जाम)
तीन पक्षीय कुराकानी
सेमेस्टर समापन समारोह

■गर्मीको छुट्टि (लगभग जुलाई महिनाको अन्तिमबाट अगस्ट महिनाको अन्तिमसम्म )

■दोस्रो सेमेष्टर (लगभग अगष्ट महिनाको अन्तिमबाट डिसेम्बर महिनासम्म)

कक्षा प्रारम्भ समारोह
खेलकुद उत्सव (पहिलो सेमेस्टरमा हुने स्कुलहरु पनि छन् )
सांस्कृतिक उत्सव, सिकेको कुराको प्रस्तुति
शैक्षिक भ्रमण (मुख्यत : दोस्रो वर्षका विद्यार्थीहरु )
आवधिक परीक्षा
तीन पक्षीय कुराकानी
सेमेस्टर समापन समारोह

■जाडो छुट्टि (लगभग डिसेम्बर महिनाको अन्तिम तिर बाट जनवरी महिनाको सुरु तिर)

■तेस्रो सेमेस्टर (लगभग जनवरी महिना को सुरु तिर बाट मार्च महिना सम्म )

कक्षा प्रारम्भ समारोह
आवधिक परीक्षा
तीन पक्षीय कुराकानी
दीक्षान्त समारोह

■बसन्त / सरद ऋतुको छुट्टि (लगभग मार्च महिनाको अन्तिम बाट अप्रिल महिनाको सुरुसम्म)

# अध्ययन शुल्क

विद्यालयमा अध्ययन गर्नको लागि चाहिने शुल्क भनेको अध्ययन शुल्क हो । सार्वजनिक र निजि साथै पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम प्रणालीको उच्च माध्यमिक विद्यालय, निश्चित समय प्रणालीको उच्च माध्यमिक विद्यालय र संचार माध्यमको उच्च माध्यामिक विद्यालय अनुसार पढाईमा लाग्ने खर्चको रकम फरक-फरक हुन्छ ।

■उच्च माध्यमिक विद्यालय जानको लागि लाग्ने खर्च

① परिक्षा शुल्क = प्रवेश परिक्षा दिनको लागि लाग्ने आवश्यक रकम ।
② प्रवेश शुल्क = स्कुल प्रवेश गर्न लाग्ने आवश्यक रकम ।
③ शिक्षण शुल्क (फि) = कक्षामा हाजिर भएर पढ्नको लागि लाग्ने रकम ।
④ पहिलो वर्ष आवश्यक पर्ने रकम = पहिलो वर्षको लागि आवश्यक पर्ने रकममा ①、②、③ बाहेक विद्यालयमा पढाईको सिलसिलामा प्रयोग गरिने पाठ्यपुस्तक तथा युनिफर्म भएका विद्यालयहरुमा विद्यालयको युनिफर्मको लागि लाग्ने रकम समाबेस गरिन्छ ।

| | | ①परिक्षा शुल्क | ②प्रवेश शुल्क | ③शिक्षण शुल्क | ④पहिलो वर्ष आवश्यक पर्ने रकम |
|---|---|---|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम प्रणाली | सार्वजनिक उच्च माध्यमिक विद्यालय | २,२०० येन | ५,६५० येन | ११८,८०० येन | लगभग ३००,००० येन |
| | निजि उच्च माध्यमिक विद्यालय ※१ | २०,००० येन | २००,००० येन | ६००,००० येन | लगभग १,१००,०००येन |
| निश्चित समय (फिक्स टाइम) प्रणाली (सार्वजनिक उच्च माध्यमिक विद्यालयको हकमा ) | | ९५० येन | २,१०० येन | ३२,४०० येन | लगभग ६०,००० येन |
| संचार प्रणाली (सार्वजनिक विद्यालयको हकमा) | | ८०० येन | ५०० येन | एक क्रेडिट (युनिट ) बराबर वार्षिक रकम ३३०येन | लगभग ४०,००० येन |

※१ निजि उच्च माध्यमिक विद्यालयहरुको शुल्क विद्यालय अनुसार फरक-फरक हुन्छ । यहाँ दिइएको शुल्क अड्कलको लागि हो।

■ पढाईमा लाग्ने शुल्कको सहायता गर्ने प्रणाली

○सार्बजनिक उच्च माध्यमिक विद्यालयमा शैक्षिक सत्र २०२६ (रेइवा ८ साल ) देखि सबै ग्रेडका लागि नि:शुल्क हुनेछन् ।

○निजि वा उच्च माध्यमिक विद्यालयमा पढाईको लागि लाग्ने शुल्क अनुदान प्रणाली

शैक्षिक सत्र २०२६ (रेइवा ८ साल ) देखि सबै ग्रेडका लागि शिक्षण शुल्क नि:शुल्क हुनेछन्।
(सबै निजी उच्च माध्यमिक विद्यालयहरुमा निःशुल्क शिक्षा दिईन्छ भन्ने होइन।
थप विवरणहरूको लागि, कृपया तलको वेब पेजमा हेर्नुहोस् । (जापानी भाषामा मात्रै उपलब्ध छ)

URL：https://www.pref.osaka.lg.jp/o180160/shigaku/shigakumushouka/index.html

सार्वजनिक र निजि दुवै उच्च माध्यमिक विद्यालयमा भर्ना भैसके पछिका विभिन्न कागजी प्रक्रियाहरु पुरा गर्नु पर्छ ।


यदि पढाई खर्चको भुक्तानी गर्न कठिन भएमा के गर्नुपर्छ ?
⇒कृपया पेज २१ देखि सम्म २३ हेर्नु होला

# प्रवेश परिक्षा

उच्च माध्यमिक विद्यालयमा प्रवेश गर्नको लागि प्रवेश परिक्षा अनिवार्य रुपमा दिनु पर्दछ । प्रवेश परिक्षा (न्यूगाकु सिकेन) लाई अर्को शब्दमा न्युसी, न्युगाकुस्या सेन्बाचु, सेन्बाचु पनि भनिन्छ । प्रवेश परिक्षा दिने क्रममा पालना गर्नु पर्ने केहि नियमहरु हुन्छन ।


■ परिक्षाको बारेमा

◎ <u>निजि उच्च माध्यमिक विद्यालय मात्र रोजेको खण्डमा</u>




(निजि वि<u>द्यालय वि</u>शेष आवदेन)

निजि उच्च माध्यमिक विद्यालयको परिक्षामा उत्तीर्ण भएमा सोहि विद्यालयमा भर्ना हुने प्रतिज्ञा गर्ने गरि दिइने आवेदन विषेश आवेदन हो । यसरी निजि उच्च माध्यमिक विद्यालयमा उत्तीर्ण भएमा सार्वजनिक उच्च माध्यमिक विद्यालयमा प्रवेश परिक्षा दिन पाइदैन ।





※कुनै कुनै विद्यालय, विभागहरु मात्र

◎ <u>सार्बजनिक उच्च माध्यमिक विद्यालय जानको लागि आवेदन दिन चाहेको खण्डमा</u>


(सार्वजनिक एकल आवेदन)

निजि विद्यालयमा प्रवेश परिक्षा नदिई सार्बजनिक उच्च माध्यमिक विद्यालयमा मात्र आवेदन दिएको खण्डमा यस प्रकार हुनेछ । ।




(निजि संयुक्त आवेदन)

निजि उच्च माध्यमिक विद्यालय जान चाहाने विद्यार्थीहरुले पनि, सार्बजनिक उच्च माध्यमिक विद्यालय र निजि उच्च माध्यमिक विद्यालय दुवैमा संयुक्त रुपमा दिन पाउने छ । यस्तो अवस्थामा निजि विद्यालयमा नाम निकाल्न सफल भए पनि पुन सार्वजनिक विद्यालयमा पनि प्रवेश परिक्षा दिन पाईन्छ । यदि सार्वजनिक विद्यालयमा नाम निकाल्न सफल भएमा सार्वजनिक विद्यालय जान पाईन्छ ।




※कुनै कुनै विद्यालय, विभागहरु मात्र

# सार्वजनिक उच्च माध्यमिक विद्यालय
# प्रवेश परीक्षाका विषयहरु

प्रवेश परीक्षाका विषयहरु विद्यालयका पाठ्यक्रम (कोर्ष) या विभाग अनुसार फरक-फरक हुन्छन । यहाँ शैक्षिक क्षमताको परिक्षा लिने विषय तथा त्यसको अलावा अन्य विषयहरुको बारेमा परिचय दिइएको छ ।

■विशेष विद्यार्थी छनौट (मध्य फेब्रुअरीबाट फेब्रुअरीको अन्तिम सम्म) ※२

| पाठ्यक्रम/ विभाग आदि | | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम (फुल टाइम) | उद्योगसंग सम्बन्धित पाठ्यक्रम (वास्तुकला डिजाइन पाठ्यक्रम, इन्टेरिअर डिजाइन पाठ्यक्रम, प्रोडक्ट डिजाइन पाठ्यक्रम, चलचित्र डिजाइन पाठ्यक्रम, भिजुअल डिजाइन पाठ्यक्रम, डिजाइन सिस्टम पाठ्यक्रम) ग्लोबल अनुसन्धान पाठ्यक्रम, ललितकला सम्बन्धी पाठ्यक्रम, शारीरिक शिक्षा सम्बन्धी पाठ्यक्रम, प्रदर्शन कला पाठ्यक्रम, रंगमंच/थिएटर सम्बन्धी पाठ्यक्रम, संगीत सम्बन्धी पाठ्यक्रम, सामान्य डिजाइन पाठ्यक्रम | ५ वटा विषयहरु (जापानी भाषा, सामाजिक, गणित, विज्ञान, अंग्रेजी ※१)<br><br>प्रयोगात्मक क्षमता परिक्षण |
| | एकीकृत पाठ्यक्रम (स्टेप स्कूल) | ३ वटा विषयहरु (जापानी भाषा, गणित, अंग्रेजी ※१)<br>अन्तरवार्ता※ ३ |
| | एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कूल) | ५ वटा विषयहरु (जापानी भाषा, सामाजिक, गणित, विज्ञान, अंग्रेजी ※१)<br><br>अन्तरवार्ता |
| बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटिभ स्कुल) | | |
| दिवा तथा रात्रीकालीन क्रेडिट प्रणाली | | |

■सामान्य विद्यार्थी छनोट (मार्च महिनाको सुरु तिरबाट मध्य मार्च सम्म) ※२

| पाठ्यक्रम/ विभाग आदि | | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम (फुल टाइम) | विशेष छनौट नगरिने सम्पूर्ण पाठयक्रमहरु | ५ वटा विषयहरु (जापानी भाषा, सामाजिक, गणित, विज्ञान,अंग्रेजी ※१) |
| निश्चित समय(फिक्स टाइम) प्रणाली अनुसारको पाठ्यक्रम ※४ | | ३ वटा विषयहरु (जापानी भाषा, गणित, अंग्रेजी※१) |
| संचार प्रणालीको पाठ्यक्रम ※५ | | अन्तरवार्ता |

※१ अंग्रेजीमा भने सुन्ने (लिसनिंग) परिक्षा पनि समाबेस छ ।

※२ आवेदन दिनुभयो तर अपरिहार्य कारणले गर्दा त्यस दिनको सबै निरिक्षणको परीक्षा दिन असमर्थ हुनुभयो भने तपाईंले फरक तालिकामा परीक्षा दिन सकिने सम्भावना भएकोले आफ्नो माध्यमिक विद्यालयमा परामर्श गर्नुहोस्।

※३ आवेदन दिँदा, तपाईंले 「प्रत्यक्ष अन्तर्वार्ता」 र 「लिखित अन्तर्वार्ता」 बाट छनौट गर्न सक्नुहुन्छ।

※४ २१ वर्ष भन्दा माथिको विद्यार्थीहरुको लागि सर्वेक्षण मापनको आवश्यकता पर्दैन ।
यस्ता विद्यार्थीहरुको लागि शैक्षिक क्षमता परिक्षणको अलावा अन्तरवार्ता लिइन्छ ।
आवेदकको इच्छा अनुसार आफ्नो शैक्षिक क्षमता लाइ निबन्ध लेखेर पेश गर्न सकिन्छ ।

※५ २१ वर्ष भन्दा माथिको विद्यार्थीको लागि सर्वेक्षण मापनको आवश्यकता पर्दैन ।

■दोस्रो छनौट (मार्च महिनाको अन्तिम तिर)

| पाठ्यक्रम/ शैक्षिक विषयआदि | शैक्षिक क्षमता परिक्षण आदि |
| --- | --- |
| परिक्षामा सफल भएका विद्यार्थीहरुको संख्याले मात्र भर्नाको लागि माग भएका विद्यार्थीहरुको संख्या पर्याप्त नभएको शैक्षिक विषय आदि । | अन्तरवार्ता |

■अन्य छनौट (फेब्रुअरी महिनाको मध्य तिरबाट फेब्रुअरी अन्तिम सम्म) ※ २

| छनौटको नाम, विद्यालय शैक्षिक विषय विभाग आदि | शैक्षिक क्षमता परिक्षण आदि |
| --- | --- |
| ओसाका फुरिचु तोयोनाका कोउतोउ गाक्कोउ नोसे-बुनकोउको लागि नामांकित आवेदकहरुको छनौट<br>नोसे शाखा (एकीकृत पाठ्यक्रम ) ※२ | ५ वटा विषयहरु (जापानी भाषा, सामाजिक, गणित, विज्ञान,अंग्रेजी ※ १ )<br>अन्तरवार्ता |
| विदेशबाट जापान फर्किएका विद्यार्थीहरुको छनौट ※२ ※५<br>अंग्रेजी पाठ्यक्रम, अन्तर्राष्ट्रिय सांस्कृतिक पाठ्यक्रम, ग्लोबल अध्ययन पाठ्यक्रम, ग्लोबल अनुसन्धान पाठ्यक्रम, एकीकृत पाठ्यक्रम | गणित, अंग्रेजी ※ १<br>अन्तरवार्ता<br>(कृपया पेज १५ हेर्नुहोला) |
| जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु तथा जापान आएका विदेशी विद्यार्थीहरुको छनौट ※२ ※ ६<br>हिगाशी योदोगावा कोउकोउ (सामान्य पाठ्यक्रम )<br>फुकुइ कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>खादोमा नामिहाया कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>याओकिता कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>सेइबि कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>नागायोसी कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल) )<br>फुसेकिता कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल))<br>ओसाका वाखाबा कोउकोउ (बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटिभ स्कुल) | गणित ,अंग्रेजी ※ १<br>निबन्ध (जापानी भाषा बाहेक अन्य भाषामा भएपनि हुन्छ)<br>(कृपया पेज १६ हेर्नुहोला) |
| बौद्धिक अपाङ्गता भएका विद्यार्थीहरूको लागि स्वतन्त्रता सहायता पाठ्यक्रम भर्ना चयन※२ ※ ७<br>सामान्य पाठ्यक्रम<br>फूल कारखाना पाठ्यक्रम, पर्यावरण हरियाली पाठ्यक्रम, जैविक विज्ञान पाठ्यक्रम<br>मेकानिकल ईन्जिनियरिङ् पाठ्यक्रम, विद्युत ईन्जिनियरिङ् पाठ्यक्रम, विज्ञान र ईन्जिनियरिङ् पाठ्यक्रम<br>एकीकृत पाठ्यक्रम<br>एकीकृत पाठ्यक्रम (स्टेप स्कूल) | अन्तरवार्ता |

※ १ अंग्रेजीमा भने सुन्ने (लिसनिंग) परिक्षा पनि समाबेस छ ।
※ २ आवेदन दिनुभयो तर अपरिहार्य कारणले गर्दा त्यस दिनको सबै निरिक्षणको परीक्षा दिन असमर्थ हुनुभयो भने तपाईंले फरक तालिकामा परीक्षा दिन सकिने सम्भावना भएकोले आफ्नो माध्यमिक विद्यालयमा परामर्श गर्नुहोस्।
※ ५ च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट) को आवश्यकता पर्दैन ।
※ ६ च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट) तथा जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आवश्यकता पर्दैन ।
※ ७ र्योउइकु तेच्योउ(बौद्धिक अपाङ्गता सर्टिफिकेट) को आवश्यकता पर्दैन ।

"अन्य छनौट" मा सामेल हुनको लागि सामान्य प्रवेश योग्यताको अलावा प्रत्येक छनौटको लागि आवश्यक योग्यताहरु छन् । योग्यताको आवश्यकता छ छैन भन्ने बारेमा माध्यमिक विद्यालय (च्युगाक्कोउ) मार्फत सम्बन्धित नगरपालिकाको शिक्षा समितिमा सम्पर्क गरेर सोधपुछ गर्नुहोला ।

ओसाका फुरिचु तोयोनाखा कोउतोउ नोसे-बुनकोउ (तोयोनाका उच्च माध्यामिक विद्यालयको शाखा–नोसे विद्यालय) मा विद्यार्थी भर्ना छनौटका क्रममा कुनै प्रमाणपत्र वा भर्ना शर्तहरु आवश्यक पर्दैन ।

# सार्वजनिक उच्च माध्यमिक विद्यालय
# उत्तीर्ण विद्यार्थीहरुको निर्धारण

उत्तीर्ण या अनुत्तीर्ण भएको पत्ता लगाउने विधिको बारेमा पहिलेनै जानकारी लिनुहोस् र छनोट परिक्षाको लागि तयार हुनुहोस ।

शैक्षिक क्षमता परिक्षणको परिणाम, च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट), जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट), मेन्सेचु (अन्तरवार्ता) को आधारमा सफल विद्यार्थीहरुको छनौट गरिन्छ ।

■च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट)

च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट) माध्यमिक विद्यालय (च्युगाक्को) बाट उच्च माध्यमिक विद्यालयमा पठाइने सामाग्री हो । ९ वटा विषयहरु (जापानी भाषा, सामाजिक शिक्षा, गणित, विज्ञान, अंग्रेजी, संगीत, कला, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि/टेक्नोलोजी, गृह अर्थशास्त्र) को परिणाम/मुल्यांकन (ह्योउतेइ भनिन्छ) र (गतिविधि/व्यवहारको रेकर्ड), ( विद्यार्थी परिषद तथा समितिको गतिविधि, स्कुल भित्र गरिने दैनिक क्रियाकलापहरु) हरु यो कागजातमा लेखिएको हुन्छ । परिणामको मुल्यांकन ५ चरण हरुमा (५. ४. ३. २. १)मा विभाजन गरिएको हुन्छ ।

■जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट)

जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) आवेदन दिने समयमा अपलोड गर्नुहोस्। माध्यमिक विद्यालय (च्युगाक्को) मा के सिकेका थिए र उच्च माध्यमिक विद्यालयमा के प्रयास गर्न चाहन्छन् भन्ने बारे विद्यार्थी स्वयमले प्रविष्ट गर्नुहोस्।

("जापानी भाषा निर्देशनको आवश्यकता भएका पुन: जापान फर्किएका विद्यार्थीहरु तथा विदेशी विद्यार्थीहरुको छनौट" को लागि मात्र जिकोसिन्कोकु-स्यो आवश्यक छैन ।)

■मेन्सेचु (अन्तरवार्ता)

अन्तरवार्ता लिने व्यवस्था भएका विद्यालयमा पहिलानै अपलोड गरिएको जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आधारमा अन्तरवार्ता लिइन्छ ।

(अन्तरवार्ता लिईने विभाग लगायतका विषयका बारेमा थप जानकारीको लागि कृपया पेज १२ देखि १३ सम्म हेर्नुहोला)

उच्च माध्यमिक विद्यालय नियम अनुसार शैक्षिक क्षमता परिक्षण आदि, परिणाम तथा च्योउसा-स्यो (टिचरद्वारा दिइने विद्यार्थी रिपोर्ट) जस्ता क्रियाकलाप लगायतको निर्णय आफ्नो विद्यालयको एडमिसन पोलेसी (आवश्यक विद्यार्थीको योग्यता ) अनुसार सफल विद्यार्थीहरुको चयन गरिने हुदा जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) लेख्ने समयमा आफुले जान चाहेको हाइ स्कुलको एडमिसन पोलेसीको बारेमा पहिले नै जानकारी लिनुहोला।

# सार्वजनिक उच्च माध्यमिक विद्यालय
# विदेशबाट जापान फर्किएका विदेशी विद्यार्थीहरुको छनौट

सरकारी उच्च विद्यालयको प्रवेश परीक्षामा, विदेशबाट फर्किएका वा विदेशबाट देशमा प्रवेश गरेका विद्यार्थीहरूकोलागि चयन (पेज १५ ) र जापानी भाषा निर्देशनको आवश्यकता भएका फर्किएका विद्यार्थीहरू र विदेशी विद्यार्थीहरूको लागि चयन (पेज १६) छन् ।

विदेशबाट जापान फर्किएका विदेशी विद्यार्थीहरुको छनौट

■ लक्षित विद्यार्थीहरु

साधारणतया, विदेशमा लगातार २ बर्ष भन्दा बढि बसी जापान फर्कि आएर २ वर्ष ननाघेको व्यक्ति

■लक्षित विषय

अंग्रेजी विभाग, अन्तर्राष्ट्रिय सांस्कृतिक विभाग, ग्लोबल विभाग, ग्लोबल अन्वेषण विभाग, समग्र अध्ययन विभाग

■विषयवस्तुहरु

○ परीक्षा लिइने विषयहरु गणित, अंग्रेजी र अन्तर्वार्ता (अन्तर्वार्ता जापानी भाषामा हुनेछ)।

○ गणित र अंग्रेजीको परीक्षामा, परीक्षार्थीले इच्छाएको एक सेट जापानी शब्दकोश ल्याउन सक्नुहुन्छ। तर, अंग्रेजीको परीक्षामा, अंग्रेजी- जापानी शब्दकोश र अंग्रेजीमा लेखिएका सामग्रीहरू प्रयोग गर्न अनुमति छैन।

# सार्वजनिक उच्च माध्यमिक विद्यालय
# जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु तथा जापान आएका विदेशी विद्यार्थीहरुको छनौट

जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु तथा जापान आएका विदेशी विद्यार्थीहरुको छनौट

■ लक्षित विद्यार्थीहरु

साधारणतया चीन तथा अन्य विभिन्न देशबाट जापान आएका विदेशी विद्यार्थीहरु जसले प्राथमिक विद्यालयको ४ कक्षा भन्दा माथि भर्ना भएका हुन्छन ।

■शैक्षिक सत्र २०२६ (रेइवा ८ साल) सालमा संचालन हुने विद्यालय हरु (रेइवा ८ साल फेब्रुअरी कार्यान्वयन)

हिगाशी योदोगावा कोउकोउ (सामान्य पाठ्यक्रम )
फुकुई कोउकोउ (एकीकृत पाठ्यक्रम)
खादोमा नामीहाया कोउकोउ (एकीकृत पाठ्यक्रम)
याओकिता कोउकोउ (एकीकृत पाठ्यक्रम)
सेइबि कोउकोउ (एकीकृत पाठ्यक्रम)、
नागायोसी कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल) )
फुसेकिता कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल))
ओसाका वाखाबा कोउकोउ (बहु-भागिय क्रेडिट प्रणाली पहिलो भाग (क्रिएटिभ स्कुल)


■विषयवस्तुहरु

○ परीक्षा लिइने विषयहरु निबन्ध, गणित, अंग्रेजी (अंग्रेजी भाषाको सुन्ने/लिसनिङ्ग परीक्षा पनि लिइन्छ) हुन्।
○ निबन्ध जापानिज भाषा बाहेक अन्य भाषामा पनि लेख्न सकिन्छ ।
○ शैक्षिक क्षमता मापन परिक्षामा प्रस्नको  खान्जीमा फुरिगाना पनि राखिन्छ ।
○ निबन्धको सन्धर्वमा निबन्धको प्रस्न बुज्न सजिलो होस् भनेर निबन्धको शिर्षकको मुख्य बुँदाहरुलाई विदेशी भाषामा बुझाइन्छ ।
○ परीक्षामा विदेशी भाषाका शब्दकोषहरु २ वटा सम्म प्रयोग गर्न मिल्छ। तथापी, अंग्रेजीको परीक्षामा अंग्रेजी-जापानी/ अंग्रेजी-जापानी शब्दकोष लगायत अंग्रेजीमा लेखिएका कुराहरु प्रयोग गर्न पाइदैन।
※ यो छनौटमा जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आवश्यक छैन ।
※ यो छनौटमा आफुले आवेदन दिन सम्भव छ कि छैन भनेर शिक्षा कार्यालयमा नोवेम्बर महिनामा सोधपुछ गरेर जानकारी लिनुपर्दछ । सोधपुछ गर्दा, आप्रवासन विवरण (इमिग्रेसन रेकर्ड ) कागजातहरुको आवस्यकता पर्दछ । यस्ता कागजातहरु तयार पार्नको लागि समय लाग्ने भएकोले सकेसम्म छिटो आफ्नो विद्यालयको शिक्षकसंग समयमै सरसल्लाह गर्नुहोला ।

(१५), (१६) पेज नम्बरको छनौटको लागि आवेदन दिने हो भने हाल पढिरहेको माध्यमिक विद्यालय (च्युगाक्को) बाट तपाईंले जान चाहेको उच्च माध्यमिक विद्यालयको लागि आवेदन दिनुपर्छ। यी छनौट बाट आवेदन दिन चाहने विद्यार्थीहरुले हाल पढीरहेको माध्यमिक विद्यालय (च्युगाक्को) को आफ्नो कक्षा शिक्षक संग सोधपुछ गर्नुहोला ।

## सार्वजनिक उच्च माध्यमिक विद्यालय

# जापानी भाषाको सहयोग आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु लयायतका विद्यार्थीहरुको लागि प्रवेश परीक्षामा दिइएको सुविधाहरु



सार्बजनिक उच्च माध्यमिक विद्यालयको प्रवेश परीक्षामा जापानी भाषाको निर्देशनको आवश्यकता भएका जापान आएका विदेशी विद्यार्थीहरु तथा जापान फर्किएका विद्यार्थीहरुको लागि विशेष सुविधाहरु छन् । यस्ता सुविधाहरु उपभोग गर्न सकिन्छ कि सकिदैन भन्ने बारे हाल अध्ययनरत विद्यालय (च्युगाक्को) को आफ्न कक्षा शिक्षक संग सोधपुछ गर्नु होला ।

सुविधाहरु①

■ लक्षित विद्यार्थीहरु

जापान फर्केका वा जापान फर्कि आई साधारणतया प्राथमिक विद्यालयको १ कक्षा भन्दा माथिका कक्षामा भर्ना हुने विद्यार्थी ।

■ लक्षित हाइ स्कुल

सम्पूर्ण सार्वजनिक हाइ स्कुलहरु

■ विषयवस्तुहरु

**A** <u>शैक्षिक क्षमता परिक्षणको थपिने समय (लगभग १.३ गुणा)</u>

A स्वीकृत भएको खण्डमा B, C, D को लागि पनि फारम भर्न सकिन्छ ।

↓

**B** परीक्षामा विदेशी भाषाका शब्दकोषहरु २ वटा सम्म प्रयोग गर्न मिल्छ।

शब्दकोषहरु २ वटा सम्म प्रयोग गर्न मिल्छ। तथापी, अंग्रेजीको परीक्षामा अंग्रेजी-जापानी/ अंग्रेजी-जापानी शब्दकोष लगायत अंग्रेजीमा लेखिएका कुराहरु प्रयोग गर्न पाइदैन। इलेक्ट्रोनिक शब्दकोष भने प्रयोग गर्न पाईदैन । शब्दकोष प्रयोग गरेको खण्डमा जापानी भाषाको (<u>खान्ज़ी</u>को उच्चारण तथा लेखन) सम्बन्धी प्रश्नहरुलाई हटाईन्छ ।

**C** <u>शैक्षिक क्षमता परिक्षणको प्रश्नहरुमा भएका खान्ज़ीमा भने फुरिगाना (खान्ज़ीको पढ्ने तरिका) राखिदिने व्यवस्था छ ।</u>

तथापी, जापानी भाषाको परिक्षामा (<u>खान्ज़ी</u>को उच्चारण) सम्बन्धी प्रश्नहरुलाई हटाईन्छ।

**D** <u>जापानी भाषाको सन्दर्भमा, रचना तथा निबन्ध लेख्ने शैलीका प्रश्नहरु सोधिएको खण्डमा प्रश्नहरु बुझ्न सजिलो होस् भनेर उक्त प्रश्नहरुका मुख्य बुँदाहरुलाई विदेशी भाषामा विद्यार्थीलाई बुझाईदिने व्यवस्था छ ।</u>

सुविधाहरु②
■ लक्षित विद्यार्थीहरु
साधारणतया, विदेशमा लगातार २ बर्ष भन्दा बढि बसी जापान फर्कि आएर २ वर्ष ननाघेको व्यक्ति
■ लक्षित उच्च माध्यमिक विद्यालय
सम्पूर्ण सार्वजनिक उच्च माध्यमिक विद्यालय
■ विषयवस्तुहरु
जिकोसिन्कोकु-स्यो (विद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) लेख्दा, अभिभावक तथा स्कुलको शिक्षकलाई आफ्नो सट्टामा लेख्न दिन सकिन्छ । आफ्नो सट्टामा अरुलाई लेख्न दिनलाई असम्भव भएमा, जापानी भाषा नभएर जुनसुकै भाषामा पनि लेख्न सकिन्छ ।

यस्ता किसिमका सुविधाहरु उपभोग गर्नको लागि हाल पढिरहेको माध्यमिक विद्यालय (च्युगाक्को)ले, ओसाका प्रान्तिय शिक्षा परिषद् मा फारम भरेर बुझाउनु पर्दछ । त्यसकारण यस्ता किसिमका सुविधाहरु उपभोग गर्ने भएमा हाल पढ्दै गरेको विद्यालयमा शिक्षक संग समयमै सरसल्लाह गर्नुहोला ।

( * ) सुविधाहरुको बारेमा बताइएका प्रस्तावहरु योजना मात्र हुन् । औपचारिक रुपमा शैक्षिक सत्र २०२५ साल (रेइवा ७ साल) जुलाई~अगस्ट महिना तिर निर्णय हुन्छ ।

## सार्वजनिक उच्च माध्यमिक विद्यालय

# शैक्षिक सत्र २०२६ साल (रेइवा ८ साल) को प्रवेश परिक्षाको समय तालिका

प्रवेश परिक्षाको लागि पाठ्यक्रम, विषय तथा विभाग अनुसार फारम भर्ने मिति, परिक्षाको तालिका, परिक्षाफ़ल निष्कासन हुने दिनहरु फरक-फरक हुन्छन । आफु जाने उच्च माध्यमिक विद्यालयको पाठ्यक्रमको फारम भर्ने मिति, परिक्षाको तालिका आदिको बारेमा जानकारी लिनुहोला ।

| | छनौटका प्रकार | | आवेदन अवधि | निरीक्षण सामग्री र परीक्षा मिति ※ | परिक्षाफ़ल निष्कासन हुने मिति |
|---|---|---|---|---|---|
| विशेष छनौट | पूर्णकालीन पाठ्यक्रम | • उद्योगसंग सम्बन्धित विषय (वास्तुकला डिजाइन पाठ्यक्रम, इन्टेरिअर डिजाइन पाठ्यक्रम, प्रोडक्ट डिजाइन पाठ्यक्रम चलचित्र डिजाइन पाठ्यक्रम, भिजुअल डिजाइन पाठ्यक्रम, डिजाइन सिस्टम पाठ्यक्रम) तथा ग्लोबल अनुसन्धान पाठ्यक्रम, ललित कला सम्बन्धी पाठ्यक्रम, शारीरिक शिक्षा सम्बन्धी पाठ्यक्रम, प्रदर्शन कला पाठ्यक्रम, रंगमंच/थिएटर सम्बन्धी पाठ्यक्रम,, सामान्य डिजाइन पाठ्यक्रम | फेब्रुअरी १६ ( सोमबार ) देखि फेब्रुअरी १७ ( मंगलबार ) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १९ ( बिहीवार ) व्यावहारिक परिक्षण फेब्रुअरी २० ( शुक्रबार ) | मार्च २ ( सोम ) |
| | | संगीत सम्बन्धी पाठ्यक्रम | फेब्रुअरी ३ ( मंगलबार ) देखि फेब्रुअरी ४ ( बुधबार ) | गायन मुख्य व्यावहारिक कौशल फेब्रुअरी १४ ( शनिवार ) शैक्षिक क्षमता परिक्षण , आवाज सुन्ने फेब्रुअरी १९ ( बिहीवार ) | |
| | | एकीकृत पाठ्यक्रम ( स्टेप स्कूल ) | फेब्रुअरी १६ ( सोमबार ) देखि फेब्रुअरी १७ ( मंगलबार ) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १९ ( बिहीवार ) अन्तरवार्ता फेब्रुअरी २० ( शुक्रबार ) वा फेब्रुअरी २४ ( मंगलबार ) कुनै एक दिन | |
| | | एकिकृतिक पाठ्यक्रम ( सशक्तिकरण स्कुल ) | फेब्रुअरी १६ ( सोमबार ) देखि फेब्रुअरी १७ ( मंगलबार ) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १९ ( बिहीवार ) अन्तरवार्ता फेब्रुअरी २० ( शुक्रबार ) | |
| | (बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग ( क्रिएटीब स्कुल ) | | | | |
| | दिवा तथा रात्रीकालीन क्रेडिट प्रणाली | | | | |
| ओसाका फुरिचु तोयोनाखा कोउतोउ गाक्कोउ नोसे-बुनकोउको लागि नामांकित आबदेकहरुको छनोट | | | फेब्रुअरी १६ ( सोमबार ) देखि फेब्रुअरी १७ ( मंगलबार ) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १९ ( बिहीवार ) अन्तरवार्ता फेब्रुअरी २०( शुक्रबार ) | |
| विदेशबाट जापान फर्किएका नामांकित विद्यार्थीहरुको छनोट | | | | शैक्षिक क्षमता परिक्षण , अन्तरवार्ता फेब्रुअरी १९ ( बिहीवार ) | |
| जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका विद्यार्थीहरु तथा जापान आएका विदेशी विद्यार्थीहरुको छनोट | | | | शैक्षिक क्षमता परिक्षण , निबन्ध फेब्रुअरी १९ ( बिहीवार ) | |
| मानसिक रुपमा अशक्त द्यार्थीहरुको लागि आत्मा निर्भर गराउने सहयोगात्मक कोर्षको लागि आवेदकहरुको छनोट | | | | अन्तरवार्ता फेब्रुअरी १९ ( बिहीवार ), २० ( शुक्रबार ), २४ ( मंगलबार ) को भित्र कुनै एक दिन | |

※आवेदन दिनुभयो तर अपरिहार्य कारणले गर्दा त्यस दिनको सबै निरिक्षणको परीक्षा दिन असमर्थ हुनुभयो भने तपाईंले फरक तालिकामा परीक्षा दिन सकिने सम्भावना भएकोले आफ्नो माध्यमिक विद्यालयमा परामर्श गर्नुहोस्।

<table>
<tr><th></th><th colspan="2">छनोटका  प्रकारहरु</th><th>आवेदन अवधि</th><th>निरीक्षण सामाग्री र परीक्षा मिति ※</th><th>परिक्षाफ़ल निष्कासन हुने मिति</th></tr>
<tr><td rowspan="3">सामान्य छनौट</td><td>पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम सामान्य पाठ्यक्रम</td><td>・ सामान्य शिक्षामा केन्द्रित पाठ्यक्रमहरू (क्रेडिट/युनिट (तानइ) प्रणाली भएका हाइ स्कुलहरु समावेस)<br>・ व्यापार सम्बन्धी पाठ्यक्रम<br>・ ग्लोबल बिजीनेस सम्बन्धी पाठ्यक्रम<br>・ कृषि सम्बन्धी पाठ्यक्रम ・ उद्योग सम्बन्धी पाठ्यक्रम (विशेष छनौट बिषय विभाग समाबेश गरिदैन )<br>・ शिक्षा सूचना पाठ्यक्रम, अंग्रेजी पाठ्यक्रम<br>・ अन्तर्राष्ट्रिय सांस्कृतिक पाठ्यक्रम<br>・ ग्लोबल अध्ययन पाठ्यक्रम ・ बिज्ञान र गणित पाठ्यक्रम ・ एकीकृत बिज्ञान पाठ्यक्रम<br>・साइन्स क्रियसन पाठ्यक्रम<br>・साहित्य विभाग र शिक्षा साहित्य विभाग<br>・कल्याण तथा स्वयंसेवा पाठ्यक्रम ・खाद्य संस्कृति पाठ्यक्रम<br>・एकीकृत पाठ्यक्रम (क्रिएटिभ स्कूलहरूले एकीकृत अध्ययन पाठ्यक्रम प्रदान गर्दछन, तर सशक्तिकरण विद्यालयहरू र स्टेप स्कूल भने समावेश छैनन्।)</td><td rowspan="2">मार्च ४ ( बुधवार ) ~ मार्च ६ ( शुक्रबार )</td><td rowspan="2">शैक्षिक क्षमता परिक्षण आदि<br>मार्च ११ ( बुधवार )</td><td rowspan="3">मार्च १९<br>( बिहीवार )</td></tr>
<tr><td colspan="2">निर्धारित समयको पाठ्यक्रम</td></tr>
<tr><td colspan="2">संचार प्रणालीको पाठ्यक्रम</td><td>मार्च २ ( सोमबार ) ~ मार्च ४ ( बुधवार )</td><td>अन्तरवार्ता मार्च ८ ( आईतवार ) ,<br>९ ( सोमबार ), १० ( मंगलबार) भित्र कुनै १ दिन</td></tr>
<tr><td colspan="3">दोश्रो भर्ना खुला<br>प्रवेशकर्ताको छनौट (कार्यान्वयन गर्ने विद्यालय भएको खण्डमा )</td><td rowspan="2">मार्च २४<br>( मंगलबार )</td><td rowspan="2">अन्तरवार्ता<br>मार्च २५ ( बुधवार )</td><td rowspan="2">मार्च २६<br>( बिहीवार )</td></tr>
<tr><td colspan="3">मानसिक रुपमा अशक्त विद्यार्थीहरुको लागि सहयोगात्मक कोर्षको प्रवेश परिक्षा (कार्यान्वयन गर्ने विद्यालय भएको खण्डमा )</td></tr>
<tr><td colspan="3">शरद ऋतु प्रवेशकर्ता छनौट</td><td>शैक्षिक सत्र २०२६साल (रेइवा ८ साल) सेप्टेम्बर७ (सोम)</td><td>निबन्ध,अन्तरवार्ता<br>शैक्षिक सत्र २०२६ साल (रेइवा ८ साल)<br>सेप्टेम्बर १० (बिहीवार)</td><td>शैक्षिक सत्र २०२६ साल (रेइवा ८ साल) सेप्टेम्बर १६ (बुधवार)</td></tr>
</table>

※आवेदन दिनुभयो तरअपरिहार्य कारणले गर्दा त्यस दिनको सबै निरिक्षणको परीक्षा दिन असमर्थ हुनुभयो भने तपाईंले फरक तालिकामा परीक्षा दिन सकिने सम्भावना भएकोले आफ्नो माध्यमिक विद्यालयमा परामर्श गर्नुहोस्।

※ गत वर्षदेखि, आवेदनहरू अनलाइनबाट गरिएको छ । थप जानकारीको लागि, कृपया 2D कोड हेर्नुहोस्।

# अध्ययन गर्नको लागि आर्थिक रुपमा सहयोग गर्ने प्रणाली
# उच्च माध्यमिक विद्यालय भर्ना गर्नको लागि लाग्ने रकम अस्थाई रुपमा सापट दिने प्रणाली

हाइ स्कुल भर्ना गर्नको लागि लाग्ने आवश्यक रकम सापटी लिन सकिन्छ । योग्यता, स्तर तथा फिर्ता गर्ने तरिकाहरु सम्बन्धी विस्तृत जानकारीको लागि सिधै यहाँ दिएको ठेगानामा सम्पर्क गर्नुहोला ।

| नाम | सापटी दिइने रकम | फारम भर्ने समय | सम्पर्क |
|---|---|---|---|
| ओसाका प्रिफेक्चर छात्रवृत्ति संघ (ओसाकाफु इकुएइखाइ ) | राष्ट्रिय सार्वजनिक हाइ स्कुल<br>१००,००० येन भित्र<br>निजि हाइ स्कुल<br>३७०,००० येन भित्र | जुनिअर हाइ स्कुल तेश्रो वर्षमा हुदा सेप्टेम्बरको शुरुवात बाट अक्टोबरको पहिलो हप्ता तिर सम्म | फोन<br>०६-६३५७-६२७२ |
| जीवन कल्याण कोष (सेइकाचु फुकुशी शिकिन ) | ५००,००० येन भित्र | हाइ स्कुल भर्ना भएपछिको अप्रिलको अन्तिम सम्म | प्रत्येक नगरपालिका सामाजिक कल्याण परिषद |
| एकल बाबु बच्चा<br>एकल आमा बच्चा,<br>विधुवा<br>कल्याण कोष<br>((बोसी/फुसी/खाफु फुकुशी शिकिन) | सार्वजनिक हाइ स्कुल (घरबाटै स्कुल आउने जाने) :<br>१५०,००० येन भित्र<br>निजि हाइ स्कुल (घरबाटै स्कुल आउने जाने)<br>४१०,००० येन भित्र | यदि तपाईंलाइ आवस्यक रकम थाहा छ भने कृपया हामीसंग सम्पर्क गर्नु होस्। | बसोबास गरेको क्षेत्रमा भएका कल्याण कार्यालय आदि |
| ट्राफिक रद्दीकरण छात्रवृत्ति कोष (कोउचुउ इजी इकुएइखाइ ) | ① २००,०००येन<br>② ४००,०००येन<br>③ ६००,०००येन<br>आवेदन फारम भर्ने समएमा ①～③ बाट छान्नु होला | जुनिअर हाइ स्कुल तेश्रो वर्षमा हुदा अप्रिल बाट जनवरीसम्म | फोन<br>०१२०-५२ -१२८६ |
| आशीनागा छात्रवृत्ति कोष (आशीनागा इकुएइखाइ) | निजि हाइ स्कुल ३०० ,००० येन | आवेदन फारम सेप्टेम्बर १ देखि डाउनलोड गर्न सकिनेछ । | फोन<br>०१२०- ७७- ८५६५ |

# अध्ययन गर्नको लागि आर्थिक सहयोग गर्ने प्रणाली

# छात्रबृत्ति प्रणाली

पारिवारिक अवस्था तथा अन्य आर्थिक अवस्थाको कारणले गर्दा हाइ स्कुलको पढाई शुल्क (फिस) तिर्न नसक्ने विद्यार्थीहरुको लागि शिक्षण शुल्क प्रदान गर्ने तथा सापटी /उधारो दिने प्रणाली छ । शिक्षण शुल्क सापटी /उधारो लिएकोछ भने हाइ स्कुल उतीर्ण(पास) भएपछि उक्त रकम फिर्ता गर्नु पर्छ । योग्यता, स्तर तथा फिर्ता गर्ने तरिकाहरु सम्बन्धि विस्तृत जानकारीको लागि सिधै निम्न लिखित ठेगानामा सम्पर्क गर्नुहोला ।

| नाम | सापटी दिईने रकम | फारम भर्ने समय | सम्पर्क |
|---|---|---|---|
| ओसाका प्रिफेक्चर छात्रवृत्ति संघ (ओसाकाफु इकुएइखाइ ) | राष्ट्रिय सार्वजनिक हाइ स्कुल.निजि हाइ स्कुलमा आफैले तिर्नु पर्ने ट्युसन शुल्क रकम +१००,००० येन भित्र | जुनिअर हाइ स्कुल तेश्रो वर्षमा हुदा<br>सेप्टेम्बरको शुरुवात तिरबाट अक्टोबरको पहिलो हप्ता तिर सम्म<br>हाइ स्कुल भर्ना भैसके पछि पनि आवेदन फारम भर्न सकिन्छ | फोन<br>०६-६३५७-६२७२ |
| जीवन कल्याण कोष (सेइकाचु फुकुशी शिकिन ) | मासिक खर्च ३५,००० येन भित्र | जहिले पनि आवेदन फारम बुझाउन सकिन्छ | प्रत्येक नगरपालिका सामाजिक कल्याण परिषद |
| एकल बाबु बच्चा एकल आमा बच्चा, विधवा कल्याण कोष ((बोसी/फुसी/खाफु फुकुशी शिकिन) | हाइ स्कुलमा आफैले तिर्नु पर्ने ट्युसन शुल्क निःशुल्क हुने रकम बराबर उधारो दिने सेवा लागू हुने छैन ।<br>(सापटी रकमको बारेमा सरसल्लाह गर्नु आवश्यक छ) | कुन हाइ स्कुल जाने निश्चित भएपछि जहिले पनि आवेदन फारम बुझाउन सकिन्छ | बसोबास गरेको क्षेत्रमा भएका कल्याण कार्यालय आदि |
| ट्राफिक रद्दीकरण छात्रवृत्ति कोष (कोउचुउ इजी इकुएइखाइ ) | मासिक खर्च<br>①२०,००० येन<br>②३०,००० येन<br>③४०,००० येन<br>①~③बाट छान्नु होला | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा<br>अप्रिल - जनवरि<br>हाइ स्कुल भर्ना भैसके पछि<br>अप्रिल - जनवरि | फोन<br>०१२०-५२-१२८६ |
| आशीनागा छात्रवृत्ति कोष (आशीनागा इकुएइखाइ) | मासिक रकम<br>सार्वजनिक हाइ स्कुल ३०,००० येन<br>निजि हाइ स्कुल ३०,००० येन<br>(परिवर्तनको सम्भावना छ) | आवेदन फारम सेप्टेम्बर १ देखि डाउनलोड गर्न सकिनेछ । | फोन<br>०१२०-७७-८५६५ |
| चीनबाट जापान फर्किएका महिला विद्यार्थी हाइ स्कुल आदिका छात्रवृति | मासिक रकम २०,००० येन<br>फिर्ता दिनु पर्दैन | जुनिअर हाइ स्कुल तेश्रो वर्षमा हुदा<br>नोभेम्बर १ ~ डिसेम्बर १५ | यामाजाकी युको बुन्खा जाईदान<br>फोन<br>०७२-२६६-२५२२ |
| कोरियन छात्रवृति समाज छात्रवृति | मासिक रकम १०,००० येन<br>फिर्ता दिनु पर्दैन | विद्यालय भर्ना भैसकेपछि<br>अप्रिल - मे तिर<br>(इन्टरनेटबाट पनि आवेदन दिन सकिन्छ) | फोन<br>०३–३३४३–५७५७ |

# अकस्मात् आम्दानी घट्ने जस्ता कारणहरूले ट्युसन शुल्क तिर्न गाह्रो भएको खण्डमा सहयोग गर्ने प्रणाली

अभिभावकहरुले काम गर्ने कम्पनीको संचालन अवस्था नराम्रो भई आम्दानीको ठूलो हिस्सा गुमाउनु पर्ने जस्ता कारणले ट्युसन शुल्क तिर्न गाह्रो भएको अवस्थामा ट्युसन शुल्क कम गर्न तथा शुल्क मिनाहा गर्न सकिन्छ । ट्युसन शुल्क कम गर्न तथा शुल्क मिनाहा गर्नका लागि केहि शर्तहरु छन् । उक्त शर्तहरुका बारेमा विस्तृतमा बुझ्नका लागि अध्ययन गर्ने विद्यालय वा तलको ठेगानामा सम्पर्क गर्नुहोस् । (जापानी भाषा मार्फत जानकारी दिइने छ ।)

■सार्वजनिक हाइ स्कुलको बारेमा

ओसाका प्रान्तिय शिक्षा परिषद् शैक्षिक वित्त विभाग , राजस्व समूह

टेलिफोन नम्बर : 06-6941-0351(एक्सटेन्सन 6913)

■निजि हाइ स्कुल आदिको बारेमा


ओसाका प्रान्तिय शिक्षा परिषद् निजी शिक्षा विभाग, प्राथमिक, जुनियर हाई, र हाई स्कूल पदोन्नति समूह

टेलिफोन नम्बर : 06-6941-0351(मुख्य सम्पर्क)

ओसाका प्रान्त नागरिक सोधपुछ सेन्टर पिपित्तो लाइन

टेलिफोन नम्बर : 06-6910-8001

# उच्च माध्यमिक विद्यालय नजाने विद्यार्थीहरुको लागि अर्को वैकल्पिक पाठ्यक्रम



जुनिअर हाइ स्कुल उतीर्ण भएपछि हाइ स्कुल नजाने विद्यार्थीहरुको लागि निम्न लिखित पाठ्यक्रमहरु छन् ।

■ हाइ स्कुल भन्दा बाहेक अन्य पाठ्यक्रम

| | |
|---|---|
| प्राविधिक व्यावसायिक हाइ स्कुल (कोउतोउ सेनमोन् गाक्कोउ) | यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा उद्योग तथा प्राविधिक प्रणाली सम्बन्धी शिक्षा हाशिल गर्न सकिन्छ । |
| उच्च शिक्षा हाइ स्कुल (कोउतोउ सेनस्युउ गाक्कोउ) | यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा व्यवसाय र जीवन यापनका लागि अत्यावश्यक कुराहरु सम्बन्धी शिक्षा हाशिल गर्न सकिन्छ । |
| उच्च व्यावसायिक प्राविधिक हाइ स्कुल (कोउतोउ स्योकुग्योउ गिज्युचु सेनमोन् कोउ) | यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा काम गर्नको लागि अत्यावश्यक सिपहरु सिक्न सक्नु हुन्छ । |

स्कुल अनुसार सिक्ने कुराहरु फरक-फरक हुन्छ । विस्तृत जानकारीको लागि हाल पढीरहेको स्कुलको आफ्नो कक्षा शिक्षकलाई समयमै सोध्नुहोला ।

■ घरायसी काम, पारिवारिक व्यवसाय

■ रोजगारीको लागि

काम पाउनको लागि के गर्नु पर्छ ?

⇒२ वटा तरिकाहरु छन्:

① हेलो वर्कबाट कामको परिचय गराइ माग्ने ।

② परिवारको चिनजानको मान्छेहरु बाट कामको परिचय गराइ माग्ने ।

हेलो वर्क भनेको कामगर्न चाहने व्यक्तिहरुलाई कामको परिचय गराईदिने ठाउँ । चिनियाँ भाषा, अंग्रेजी भाषा, पोर्तुगल भाषा, स्पेनी भाषा, भियतनामी भाषा ,नेपाली भाषा,युक्रेनी भाषा ,आदिमा सरसल्लाह गर्न मिल्ने (हेलो वर्कहरु) पनि छन् ।

# परामर्श प्रदान गर्ने संघ संस्थाहरुको सुची

पाठ्यक्रम चयनको बारेमा  टेलिफोन तथा इ-मेल बाट पनि सम्पर्क गर्न सकिन्छ ।

| परामर्श संगठनको नाम | सम्पर्क | सम्पर्क माध्यम भाषाहरु |
|---|---|---|
| ओसाका प्रान्तिय शिक्षा परिषद्, गाउ/नगरपालिका शिक्षा कार्यालय प्राथमिक तथा माध्यमिक विद्यालय विभाग , क्यारियर सपोर्ट ग्रुप | ०६-६९४१-०३५१ (एक्सटेन्सन ५४८४) | जापानी भाषा |
| ओसाका सिटि शिक्षा बोर्ड | ०६-६२०८-८१२८ | जापानी भाषा |
| साखाई सिटि शिक्षा बोर्ड | ०७२-३४०-२३०० | जापानी भाषा |
| ओसाका प्रिफेक्चर विदेशी विद्यार्थी शिक्षा अनुसन्धान परिषद | फ्याक्स: ०५०-३३८३-२६८३ इ-मेल: fugaikyo@nifty.com | जापानी भाषा |
| ओसाका सिटि विदेशी  बिद्यार्थी शिक्षा अनुसन्धान परिषद | ०६-६७१५-१७२० | जापानी भाषा |

२०२५ (रेइवा ७साल) सेप्टेम्बरमा प्रकाशित
◆सम्पादन तथा प्रकाशन ◆
ओसाका प्रान्तिय शिक्षा परिषद्, गाउ/नगरपालिका शिक्षा कार्यालय (ओसाकाफु क्योउइकुच्यो सीच्योउसोन क्योउइकुसिचु(शिक्षा कक्ष), प्राथमिक तथा माध्यमिक विद्यालय विभाग, क्यारियर सपोर्ट ग्रुप
टेलिफोन ०६-६९४१-०३५१ (एक्सटेन्सन ५४८४)  फ्याक्स ०६-६९४४-३८२६
इ-मेल  shichosonkyoiku@sbox.pref.osaka.lg.jp
URL    https://www.pref.osaka.lg.jp/shochugakko/
※ व्यावसायिक प्रयोजन बाहेकका कार्यको लागि पुनः प्रकाशन गर्न अनुमति छ । पुन: प्रकाशन गर्ने समयमा प्रकाशन गर्ने स्रोतको नाम अवस्य खुलाउनुहोला ।

＜ネパール語＞